**CDC Journal, Year 31, No. 45, December 2023, DOI: https://doi.org/10.3126/cdj.v31i45.68992**
**Received Date: December 17, 2023 Accepted Date: April 29, 2024**

# नेपालमा बोलिने भाषा परिवार र तिनका भाषाहरूको विवरण

**धर्मानन्द पन्त**
*महेन्द्ररत्न क्याम्पस ताहाचल, त्रि.वि.*
***Email:*** *pantdharma44@gmail.com*

## लेखसार

*नेपाल भाषिक दृष्टिले विविधतायुक्त मुलुक मानिन्छ । नेपालमा विभिन्न चार परिवारका भाषाहरूका साथै एकल परिवारको भाषा पनि बोलिन्छ । नेपालका विभिन्न जनगणनाहरूमा भाषासङ्ख्यामा घटबढ भएको देखिन्छ । नेपालमा भारोपेली परिवारका भाषाहरू ४७ वटा, चिनियाँ परिवारका भाषाहरू ७२ वटा, आग्नेली परिवारका तीनवटा, द्रवेडेली परिवारको एउटा र एकल परिवार अन्तर्गत एउटा गरी १२४ वटा भाषा बोलिन्छन् । नेपालमा भारोपेली परिवारका जम्मा ४७ वटा भाषाहरू बोलिन्छन् । भारोपेली परिवारका नेपाली, मैथली, भोजपुरी, थारु, बज्जिका, डोटेली, उर्दू, अवधी र वैतडेली भाषाका वक्ताहरू उल्लेख्य छन् । नेपालमा चिनियाँ तिब्बती परिवारका ७२ वटा भाषाहरू रहेका छन् । यीमध्ये तामाङ, नेवार, मगर, गुरूङ, लिम्बू भाषाका वक्तासंख्या उल्लेख्य देखिन्छन् । यस परिवारका भाषाहरू धेरै सङ्ख्यामा भएपनि वक्तासङ्ख्याका दृष्टिले भारोपेली परिवारभन्दा थोरै देखिन्छ । वनकरिया भाषाका वक्तासङ्ख्या ८६ मात्र रहेको देखिन्छ । नेपालमा आग्नेली परिवारका सन्थाली, मुण्डा र खरिया भाषा गरी जम्मा तीनवटा भाषा मात्र बोलिन्छन् । नेपालमा द्रविडेली परिवारको एक मात्र भाषा बोलिन्छ । द्रविडेली परिवारको झाँगड/धाँगड (उराउ) भाषा नेपालमा बोलिन्छ । नेपालमा बोलिने कुसुण्डा भाषालाई एकल परिवार अन्तर्गतको भाषा मानिन्छ । यस भाषाका विशेषताहरू अन्य कुनै पनि भाषा परिवारसँग मिल्दैन । वि.सं. २०७८ को राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार कुसुण्डा भाषाका वक्तासङ्ख्या २३ जना मात्र रहेको देखिन्छ । यस अध्ययनमा परिमाणात्मक अध्ययन ढाँचा अवलम्बन गरिएको छ । पुस्तकालयीय अध्ययन प्रक्रियाबाट सामग्री संङ्कलन, वर्णन र विश्लेषण गरिएको छ । यस लेखमा नेपालमा बोलिने भाषा परिवार र तिनका भाषाहरूको अध्ययन गर्ने मुख्य उद्देश्य राखिएको छ । राष्ट्रिय जनगणना २०७८ को जनगणनाका प्रतिवेदनलाई अध्ययनको मुख्य सामग्री बनाइएको छ ।*

**शब्दकुञ्जी :** *आग्नेली, चिनियाँ-तिब्बती, द्रविडेली, भारोपेली, भाषा परिवार*

## विषयपरिचय

भाषिक विविधताका दृष्टिले नेपाल सम्पन्न मुलुकका रूपमा रहेको छ । नेपालको भाषिक विविधता सुन्दर छ । कुनै एउटा भाषाबाट विकसित सबै भाषाहरूलाई एउटै परिवारको भाषाका रूपमा लिइन्छ । एउटा भाषा परिवारमा विभिन्न भाषाहरू त्यस परिवारका सदस्यका रूपमा रहेका हुन्छन् । एउटै साझा पुर्ख्यौली भाषालाई मूल मानेर त्यसबाट विकसित अन्य सजातीय भाषाहरूलाई एकीकृत गर्ने काम भाषाको पारिवारिक वर्गीकरण हो (न्यौपाने र अन्य, २०६७, पृ. २२२) । नेपाल बहुजातीय, बहुसाँस्कृतिक र बहुभाषिक मुलुक हो । नेपालमा जम्मा पाँच महापरिवारका भाषाहरू बोलिन्छन् (पोखरेल, २०६४, पृ. १-९) । नेपालको वि.सं. २०६८ को जनगणनाको तथ्याङ्क अनुसार नेपालमा १२३ वटा भाषा बोलिन्छन् भने वि.सं २०७८ को जनगणना अनुसार नेपालमा १२४ वटा भाषाहरू छन् । नेपालमा कुन कुन भाषापरिवारका भाषा बोलिन्छन् ? नेपालका भाषा परिवारको स्थिति कस्तो छ ? भनी अध्ययन गर्ने उद्देश्यले प्रस्तुत लेख तयार पारिएको छ । नेपालको राष्ट्रिय जनगणना वि.सं. २०६८ मा मातृभाषाका रूपमा उल्लेख गरिएका आसामी, उडिया, जोङ्खा, चिनियाँ, गढवाली, फ्रेन्च, रूसी, मिजो, कुकी, स्पेनिस, अरबी, नागामी गरी १२ वटा भाषा वि.सं. २०७८ मा उल्लेख गरिएको छैन भने वि.सं. २०६८ को जनगणनामा उल्लेख नभएका राना थारू, भोटे, चुम/नुब्री, केवरत, डोने, कर्मारोङ, मुगाली, मुन्डा/मुडियारी, वारागुङ्वा, साद्री, लोवा, नार-फू र तिछोरूङ पोइके गरी १३ वटा नयाँ भाषाहरू थपिएका छन् (स्रोत : राष्ट्रिय जनगणना, २०७८, जातजाति र भाषाभाषीको विवरण) । यसरी ११औँ जनगणनामा रहेको १२३ भाषासङ्ख्याबाट १२ वटा भाषा कम हुदाँ जम्मा १११ भाषाहरू यस बाह्रौँ गणनामा निरन्तर समावेश भएका छन् भने नयाँ १३ वटा भाषाहरू थपिंदा भाषासङ्ख्या १२४ हुन पुगेको हो ।

यस लेखमा नेपालमा बोलिने भाषा परिवार र तिनका भाषाहरूको विवरण प्रस्तुत गरिएको छ । नेपालमा एउटा एकल परिवारको भाषा र चारवटा भाषा परिवार भारोपेली, चिनियाँ-तिब्बती, आग्नेली र द्रविडेली रहेका छन् । नेपालको विभिन्न भूभागमा बोलिने नेपाली मैथिली, भोजपुरी, अवधी, थारु, डोट्याली, वैतडेली, डडेल्धुराली, आछामी, हिन्दी, अङग्रेजी, उर्दू आदि भाषाहरू भारोपेली परिवारका भाषाहरू हुन् । त्यसैगरी तामाङ, नेवारी (नेपाल भाषा), मगर, राई, लिम्बू, गुरूङ भोटे/शेर्पा, चेपाङ, थामी, जिरेल, सुनुवार, राउटे आदि चिनियाँ परिवारका भाषाहरू नेपालमा बोलिन्छन् । नेपालमा आग्नेली परिवारका सतार वा सन्थाली र खरिया (खडिया) भाषा मात्र बोलिन्छ । नेपालमा द्रविडेली परिवारको एक मात्र भाषा झाँगड/धाँगड वा उराँउ बोलिन्छ । नेपालमा बोलिने भाषाको पारिवारिक विवरण प्रस्तुत गरिएको यस लेखमा नेपालको समसामयिक भाषिक स्थितिको चर्चा गरिएको छ ।

## पूर्वकार्यको समीक्षा

पोखरेलले (२०६४) नेपालमा कुसुन्डा परिवार, द्रविड परिवार, भोट बर्मेली परिवार, आग्नेली परिवार र भारोपेली परिवारका भाषाहरु बोलिन्छन् भनेका छन् । भण्डारी र पौडेल (२०६८) का अनुसार तराई प्रदेश, पहाडी प्रदेश र हिमाली प्रदेश गरी तीन भागमा बाँडिएको नेपालमा संसारका विभिन्न भाषा परिवारमध्ये चारवटा भाषा परिवारका भाषा बोलिन्छन् । आचार्य (२०६७) का अनुसार नेपालमा बोलिने भाषाहरूलाई चार प्रमुख परिवारमा विभाजन गरिएको छ । पन्त (२०७६) का अनुसार नेपालमा धेरै वक्तासङ्ख्या भएको परिवार भारोपेली हो । यसबाहेक चिनियाँ तिब्बती परिवार, आग्नेली परिवार, द्रविड परिवार रहेका छन् । एकल परिवारको भाषा कुसुन्डा हो । आचार्य (सन् २०२०) का अनुसार नेपालमा बोलिने भारोपेली, द्रविड, अस्ट्रिक र चिनियाँ तिब्बती र एउटा एकल परिवारको भाषा गरी १२३ वटा भाषाहरु नेपालमा बोलिन्छन् । खनालले (सन् २०१९) नेपालमा बोलिने भाषाहरूलाई भारोपेली, भोटबर्मेली, मुन्डा र द्रविडेली परिवार गरी चार परिवारमा बाँडेका छन् । राष्ट्रिय भाषानीति सुझाव आयोगको प्रतिवेदन (२०५०), राष्ट्रिय भाषा आयोगको प्रतिवेदन (२०७५/०७६), (२०७६/०७७), त्रिवि भाषाविज्ञान केन्द्रीय विभागका प्रतिवेदन अनुसार नेपालमा भाषाहरु घटबढ भइरहेको देखिन्छ । वि.सं २०७८ को जनगणना अनुसार नेपालमा १२४ वटा भाषाहरु छन् । यस अध्ययनमा राष्ट्रिय जनगणना २०६८ र वि.सं. २०७८ को जनगणनालाई मुख्य आधार मानेर नेपालमा बोलिने भाषा परिवारको अध्ययन गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन परिमाणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । हाम्रो वरिपरि रहेका विभिन्न धारणा वा चरहरूको सम्बन्धलाई सङ्ख्यात्मक वा परिमाणात्मक तथ्यहरूको आधारमा गरिने अनुसन्धान परिमाणात्मक अनुसन्धान हो । यो आनुभविक, अवलोकित तथा मापनीय तथ्यहरूमा आधारित अनुसन्धान हो (खड्का, २०७७, पृ. २) । यस लेखको तयारीका क्रममा पुस्तकालयीय कार्यबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ । यस लेखमा नेपालमा बोलिने भाषा र भाषा परिवारसँग सम्बन्धित सैद्धान्तिक व्याख्या तथा विश्लेषण गरिएका पुस्तक, जर्नल अध्ययन प्रतिवेदन, जनगणना र भाषा आयोगले प्रकाशन गरेका भाषिक तथ्याङ्कलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ । यस लेखमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी तथ्याङ्कको विश्लेषण गरिएको छ ।

## नतिजा तथा छलफल

नेपालमा जनगणनाको सुरूवात वि.सं १९६८ सालदेखि भए तापनि भाषा सम्बन्धी तथ्याङ्क प्रस्तुत गर्ने काम वि.सं २००८ देखि भएको मानिन्छ । नेपालको बाह्रौं (२०७८) जनगणनासम्म आइपुग्दा नेपालका भाषाहरूको सङ्ख्या घटबढ भइरहेको पाइन्छ । वि.सं. २००८ सालदेखि हालसम्म भएका जनगणनामा उल्लेख गरिएका भाषाहरूको तथ्याङ्क यसरी प्रस्तुत गरिएको छ :

**तालिका १: विभिन्न जनगणनामा भाषासङ्ख्या**

| जनगणना वर्ष | भाषासङ्ख्या |
|---|---|
| २००८ | ४४ |
| २०१८ | ३६ |
| २०२८ | १७ |
| २०३८ | १८ |
| २०४८ | ३२ |
| २०५८ | ९२ +११ |
| २०६८ | १२३ |

स्रोत : पन्त, २०७६ (ख), पृ.२८ ।

तालिका नं. १ का विभिन्न जनगणनाका तथ्याङ्कलाई हेर्दा भाषाहरूको सङ्ख्यामा घटबढ भइरहेको देखिन्छ । वि.सं.२००८ को जनगणनामा नेपालमा जम्मा ४४ वटा भाषा रहेका छन् भने वि.सं. २०६८ को जनगणनामा १२३ वटा भाषा र वि.सं. २०७८ को जनगणनामा १२४ वटा भाषा रहेको देखिन्छ । यी जनगणनाका पछिल्ला तथ्याङ्कले नेपालमा भाषिक सङ्ख्यामा वृद्धि भएको देखाएको छ यद्यपि नेपालमा भाषावैज्ञानिक गणना हालसम्म नभएको अवस्थामा जनगणनाको तथ्याङ्कलाई नै आधार मानेर व्याख्या गर्नुपर्ने बाध्यता रहेको छ ।

नेपालमा विभिन्न चारवटा भाषा परिवार र एउटा एकल परिवारको कुसुन्डा भाषा बाेलिन्छ । नेपाल भौगोलिक, सामाजिक, साँस्कृतिक र भाषिक दृष्टिले विविधतायुक्त मुलुक हो । नेपालमा रहेका भाषाहरूको भाषावैज्ञानिक दृष्टिले सर्वेक्षण हुन नसके पनि नेपालमा खासगरी भारोपेली, चिनियाँ–तिब्बती, आग्नेली र द्रविड परिवारका भाषाहरु बोलिन्छन् । यहाँ नेपालमा बोलिने भारोपेली परिवार, चिनियाँ तिब्बती, द्रविडेली र अग्नेली तथा एकल परिवारको भाषाको सङ्क्षिप्त विवरण प्रस्तुत गरिएको छ ।

**तालिका २: नेपालका भाषाहरूको तुलनात्मक परिवारिक वर्गीकरण २०६८ र २०७८**

| क्र सं. | भाषा परिवार | राष्ट्रिय जनगणना २०६८ | | राष्ट्रिय जनगणना २०७८ | |
|---|---|---|---|---|---|
| | | भाषा सङ्ख्या | वक्ता प्रतिशत | भाषा सङ्ख्या | वक्ता प्रतिशत |
| १ | भारोपेली | ४९ | ८२.११ | ४७ | ८२.९० |
| २ | चिनियाँ-तिब्बती | ७० | १७.३१ | ७२ | १६.४४ |
| ३ | अग्नेली | २ | ०.१९ | ३ | ०.१९ |
| ४ | द्रविडेली | १ | ०.१३ | १ | ०.१३ |
| ५ | एकल भाषा | १ | ०.००(२८जना) | १ | ०.०० (२३ जना) |
| ६ | उल्लेख नभएको | - | ०.१८ | - | ०.००(३४६जना) |
| ७ | अन्य | - | ०.०७ | - | ०.०१ |
| | कुल जम्मा | १२३ | १०० | १२४ | १०० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ र २०७८ ।

तालिका नं. २ का आधारमा विश्लेषण गर्दा नेपालमा वि.स. २०६८ मा जम्मा १२३ वटा मात्र भाषाहरु भएकोमा २०७८ मा १२४ वटा भाषाहरु समावेश गरिएको देखिन्छ । वि.सं. २०६८ सालको जनगणनाभन्दा वि.सं. २०७८ सालको जनगणनामा एउटा भाषा थपिएको देखिन्छ । नेपालमा भारोपेली परिवारका वक्ता सङ्ख्या वि.सं.२०६८ मा ८२.११ रहेकामा २०७८ मा ८२.९० रहेको पाइन्छ । चिनियाँ तिब्बती परिवारका भाषाका वक्ता सङ्ख्या वक्ता सङ्ख्या वि.सं. २०६८ मा १७.३१ रहेकामा २०७८ मा १६.४४ रहेको पाइन्छ । अग्नेली परिवारका वक्तासङ्ख्यामा भिन्नता देखिँदैन । त्यही स्थिति द्रविडेली परिवारका वक्ताको देखिन्छ । एकल परिवारको एउटा मात्र कुसुन्डा भाषा पनि नेपालमा बोलिन्छ । यसका वक्ता वि.सं २०६८ मा २८ जना थिए भने २०७८ को जनगणनामा सो सङ्ख्या घटेर जम्मा २३ मात्र रहेको पाइन्छ । वि.सं. २०६८ को राष्ट्रिय जनगणनामा उल्लेख नभएका भाषाको वक्तासङ्ख्या ०.१८ प्रतिशत रहेकोमा वि.सं. २०७८ को जनगणनामा ३४६ रहेको देखिन्छ । अन्य अन्तर्गत वि.सं. २०६८ को राष्ट्रिय जनगणनामा वक्ता सङ्ख्या ०.०७ प्रतिशत रहेकोमा वि.सं. २०७८ को जनगणनामा ०.०१ प्रतिशत रहेको छ । भारोपेली भाषा परिवार र यस अन्तर्गतका भाषाहरु

भारोपेली भाषा विश्वकै समृद्धशाली भाषा परिवार हो । भारतेली र युरोपेली शब्द मिलेर भारोपेली शब्दको निमार्ण भएको छ । भारत र युरोपमा बोलिने भाषाहरूको संयुक्त परिवार भारोपेली परिवार हो । यसलाई इन्डो युरोपियन भाषा परिवार पनि भनिन्छ । विश्वभरि यस परिवारका भाषाहरु बोलिन्छन् । नेपालमा पनि भारोपेली परिवारका भाषाहरु बोलिन्छन् । नेपाली मैथिली, भोजपुरी, अवधी, थारु,

डोट्याली, वैतडेली, डडेल्धुराली, आछामी, हिन्दी, अङ्ग्रेजी आदि भाषाहरु भारोपेली परिवारका भाषाहरु हुन् ।

**तालिका ३ः भारोपेली परिवार र यसअन्तर्गतका भाषाहरूको विवरण २०७८**

| क्र.सं. | भाषा | वक्ता प्रतिशत | वक्ता संख्या |
|---|---|---|---|
| १ | नेपाली | ४४.८६ | १३०८४४५७ |
| २ | मैथिली | ११.०५ | ३२२२३८९ |
| ३ | भोजपुरी | ६.२४ | १८२०७९५ |
| ४ | थारू | ५.८८ | १७१४०९१ |
| ५ | बज्जिका | ३.८९ | ११,३३७६४ |
| ६ | अवधी | २.९६ | ८६४२७६ |
| ७ | डोटेली | १.७ | ४९४८६४ |
| ८ | उर्दू | १.४२ | ४१३७८५ |
| ९ | मगही | ०.७९ | २३०११७ |
| १० | वैतडेली | ०.५२ | १,५२,६६६ |
| ११ | अछामी | ०.४८ | १४१४४४ |
| १२ | राजवंशी | ०.४५ | १३०१६३ |
| १३ | खस | ०.४ | ११७५११ |
| १४ | बझाङ्गी | ०.३४ | ९९६३१ |
| १५ | हिन्दी | ०.३४ | ९८३९९ |
| १६ | रानाथारू | ०.२७ | ७७७६६ |
| १७ | बाजुरेली | ०.१९ | ५६४८६ |
| १८ | दार्चुलेली | ०.१६ | ४५६४९ |
| १९ | अङ्गिका | ०.१२ | ३५९५२ |
| २० | माझी | ०.११ | ३२९१७ |
| २१ | गन्गाई | ०.०९ | २६२८१ |
| २२ | बङ्गला | ०.०८ | २३७७४ |
| २३ | मारवाडी | ०.०७ | २१३३३ |

| | | | |
|---|---|---|---|
| २४ | डडेल्धुरी | ०.०७ | २१३०० |
| २५ | ताजपुरिया | ०.०७ | २०३४९ |
| २६ | कुमाल | ०.०६ | १८४३५ |
| २७ | मुसलमान | ०.०६ | १६२५२ |
| २८ | संस्कृत | ०.०५ | १३९०६ |
| २९ | दरै | ०.०४ | १२१५६ |
| ३० | जुम्ली | ०.०३ | ८३३८ |
| ३१ | बोटे | ०.०३ | ७६८७ |
| ३२ | पहरी | ०.०२ | ५९४६ |
| ३३ | दैलेखी | ०.०२ | ४९८९ |
| ३४ | केवर्ट | ०.०१ | ३४६९ |
| ३५ | डोने | ०.०१ | ३१०० |
| ३६ | साङ्केतिक भाषा | ०.०१ | १७८४ |
| ३७ | बारागुवा | ०.०१ | १५३६ |
| ३८ | साद्री | ० | १३४७ |
| ३९ | अङग्रेजी | ० | १३२३ |
| ४० | सोनहा | ० | ११८२ |
| ४१ | किसान | ० | १००४ |
| ४२ | पन्जावी | ० | ८७१ |
| ४३ | कुर्माली | ० | ३९७ |
| ४४ | सिन्धी | ० | २९१ |
| ४५ | माल्पाँडे | ० | १६१ |
| ४६ | सधानी | ० | १२२ |
| ४७ | हरियान्वी | ० | ११४ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८ ।

तलिका नं. ३ अनसार नेपालमा भारोपेली परिवारका जम्मा ४७ वटा भाषाहरु बोलिन्छन् । यी भाषाहरूमध्ये एक प्रतिशतभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाहरूको सङ्ख्या आठवटा रहेको छ ।

नेपाली, मैथली, भोजपुरी, थारु, बज्जिका, अवधी, डोटेली, उर्दू ,मगही, वैतडेली, अछामी, राजवंशी, खस, बभ्काङ्गी, हिन्दी, रानाथारु, बाजुरेली, दार्चुलेली, अङ्गिका, माझी, गन्गाई, बङ्गला, मारवाडी, डडेल्धुरी, ताजपुरिया, कुमाल, मुसलमान, संस्कृत, दरै, जुम्ली, बोटे, पहरी, दैलेखी, केवर्ट, डोने, सांकेतिक भाषा, बारागुवा, साद्री, अङ्ग्रेजी, सोनहा, किसान, पन्जावी, कुर्माली, सिन्धी, माल्पाँडे, सधानी, हरियान्वी गरी भारोपेली परिवारका ४७ ओटा भाषाहरु नेपालमा बोलिन्छन् । यस परिवारका नेपाली, मैथली, भोजपुरी, थारु, बज्जिका, अवधी, डोटेली, उर्दू, मगही, वैतडेली भाषाहरु विकसित भाषाका रूपमा रहेका छन् । यी भाषाहरूका वक्ताहरूमा भाषिक अभिवृत्ति सकारात्मक रहेको पाइन्छ । नेपाली भाषा नेपालमा बोलिने भारोपेली परिवारको सबैभन्दा धेरै वक्ताले प्रयोग गर्ने भाषा हो । नेपाली भाषा संविधानतः नेपालको सरकारी कामकाजको भाषाको रूपमा स्थापित भएको पाइन्छ । यस परिवारका छवटा भाषाहरूको वक्ता संख्या एक हजारभन्दा कम रहेको देखिन्छ । यी भाषाहरु संरक्षणका अभावमा लोप हुने खतरा देखिन्छ । पछिल्लो समय रानाथारु भाषालाई पनि जनगणनामा उल्लेख गरेको पाइन्छ । यस जनगणनामा डोने भाषालाई पनि समावेश गरिएको छ ।

## चिनियाँ–तिब्बती भाषा परिवार र यस अन्तर्गतका भाषाहरू

चिनियाँ–तिब्बती परिवार भौगोलिक वितरणका दृष्टिले पूर्व एसिया, दक्षिण पूर्व एसिया र दक्षिण एसियामा फैलिएको विश्वको प्रमुख भाषा परिवार मानिन्छ । यस परिवारलाई अयोगात्मक, एकाक्षरी र तानप्रधान विशेषता भएको भाषापरिवार पनि मानिन्छ (न्यौपाने र अन्य, २०६७, पृ. २२८) । नेपालमा भारोपेली भाषा परिवारका वक्ता सङ्ख्यापछि दोस्रो स्थानमा चिनियाँ तिब्बती भाषा परिवारका वक्ता सङ्ख्या रहेको पाइन्छ । तामाङ, नेवारी (नेपाल भाषा), मगर, राई, लिम्बू, गुरूङ भोटे/शेर्पा, चेपाङ, थामी, जिरेल आदि चिनियाँ परिवारका भाषाहरु नेपालमा बोलिन्छन् । राष्ट्रिय जनगणना २०७८ का अनुसार नेपालमा ७२ वटा भाषाहरु यस परिवारका रहेका छन्, ती हुन् :

**तालिका ४: चिनियाँ–तिब्बती परिवार र यसअन्तर्गतका भाषाहरूको विवरण २०७८**

| क्र.सं. | भाषा | वक्ता प्रतिशत | वक्ता सङ्ख्या |
|---|---|---|---|
| १ | तामाङ | ४.८८ | १४२३०७५ |
| २ | नेपाल भाषा/ नेवारी | २.९६ | ८६३३८० |
| ३ | मगर ढुट | २.७८ | ८१०३१५ |
| ४ | याक्थुङ/लिम्बू | १.२ | ३५०४३६ |
| ५ | गुरूङ | १.१२ | ३,२८०७४ |
| ६ | राई | ०.५ | १४४५१२ |
| ७ | वान्तावा | ०.४७ | १,३८००३ |

| | | | |
|---|---|---|---|
| ८ | शेर्पा | ०.४ | ११७८९६ |
| ९ | मगर खाम | ०.३१ | ९१७५३ |
| १० | चाम्लिङ | ०.३१ | ८९०३७ |
| ११ | चेपाङ | ०.२ | ५८३९२ |
| १२ | कुलुङ | ०.१३ | ३७९१२ |
| १३ | सुनुवार | ०.११ | ३२७०८ |
| १४ | थामी | ०.०९ | २६८०५ |
| १५ | थुलुङ | ०.०८ | २४४०५ |
| १६ | घले | ०.०८ | २३०४९ |
| १७ | साम्पाङ | ०.०७ | २१५९७ |
| १८ | धिमाल | ०.०७ | २०५८३ |
| १९ | खालिङ | ०.०६ | १६५१४ |
| २० | वाम्बुले | ०.०५ | १५२८५ |
| २१ | वाहिङ/वायुङ | ०.०५ | १४४४९ |
| २२ | याक्खा | ०.०५ | १४२४१ |
| २३ | भुजेल | ०.०४ | १३०८६ |
| २४ | भोटे | ०.०४ | १२८९५ |
| २५ | याम्फू/याम्फे | ०.०४ | १०७४४ |
| २६ | नाछिरिङ | ०.०३ | ९९०६ |
| २७ | ह्योल्मो, योल्मो | ०.०३ | ९६५८ |
| २८ | दुमी | ०.०३ | ८६३८ |
| २९ | मेवाहाङ | ०.०३ | ७४२८ |
| ३० | पुमा | ०.०२ | ६७६३ |
| ३१ | पहरी | ०.०२ | ५९४६ |
| ३२ | आठपहरिया | ०.०२ | ५५८० |
| ३३ | दुङ्माली | ०.०२ | ५४०३ |
| ३४ | जिरेल | ०.०२ | ५१६७ |

| | | | |
|---|---|---|---|
| ३५ | तिब्बती | ०.०२ | ५०५३ |
| ३६ | चुम/नुब्री | ०.०१ | ४२८४ |
| ३७ | छन्त्याल | ०.०१ | ४२८२ |
| ३८ | राजी | ०.०१ | ४२४७ |
| ३९ | थकाली | ०.०१ | ४२२० |
| ४० | मेचे | ०.०१ | ४२०३ |
| ४१ | कोयी | ०.०१ | ४१५२ |
| ४२ | लोहोरूङ | ०.०१ | ३८८४ |
| ४३ | डोल्पाली | ०.०१ | ३२४४ |
| ४४ | मुगाली | ०.०१ | २८३४ |
| ४५ | जेरो/जेरूङ | ०.०१ | २८१७ |
| ४६ | कर्मारोङ | ०.०१ | २६१९ |
| ४७ | छिन्ताङ | ०.०१ | २५६४ |
| ४८ | ल्होपा | ०.०१ | २३४८ |
| ४९ | लाप्चा | ०.०१ | २२४० |
| ५० | मनाङे | ०.०१ | २०२२ |
| ५१ | छिलिङ | ०.०१ | २०११ |
| ५२ | दुरा | ०.०१ | १९९१ |
| ५३ | तिलुङ | ०.०१ | १९६९ |
| ५४ | ब्याँसी | ०.०१ | १७०६ |
| ५५ | बालकुरा/बरम | ०.०१ | १५३९ |
| ५६ | मगर/काइके | ० | १२२५ |
| ५७ | हायु/वायु | ० | ११३३ |
| ५८ | धुलेली | ० | ७८६ |
| ५९ | खाम्ची/राउटे | ० | ७४१ |
| ६० | लुङ्खिम | ० | ७०२ |
| ६१ | लोवा/लोबा | ० | ६२४ |

| | | | |
|---|---|---|---|
| ६२ | कागते | ० | ६११ |
| ६३ | वालिङ/वालुङ | ० | ५४५ |
| ६४ | नार-फू | ० | ४२८ |
| ६५ | लोमी | ० | ४१३ |
| ६६ | तिछोरूङ पोइके | ० | ४१० |
| ६७ | कोचे | ० | ३३२ |
| ६८ | पाङ्दुवाली | ० | २४७ |
| ६९ | बेलहारे | ० | १७७ |
| ७० | सुरेल | ० | १७४ |
| ७१ | साम | ० | १०६ |
| ७२ | वनकरिया | ० | ८६ |

स्रोत : राष्ट्रिय जनगणमा, २०७८ ।

तालिका नं ४ अनुसार नेपालमा चिनियाँ–तिब्बती परिवारका तामाङ, नेपाल भाषा/नेवार, मगर ढुट, याक्थुङ/लिम्बू, गुरूङ, राई, वान्तावा, शेर्पा, ,मगर खाम, चाम्लिङ, चेपाङ, कुलुङ, सुनुवार, थामी, थुलुङ, घले, साम्पाङ, धिमाल, खालिङ, वाम्बुले, वाहिङ/वायुङ, याक्खा, भुजेल, भोटे, याम्फू, नाछिरिङ, ह्याल्मो/याल्मो, दुमी, मेवाहाङ, पुमा, पहरी, आठपहरिया, दुङ्माली, जिरेल, तिब्बती, चुम/नुब्री, छन्त्याल, राजी, थकाली, मेचे, कोयी, लोहोरूङ, डोल्पाली, मुगाली, जेरो/जेरूङ कर्मारोङ, छिन्ताङ, ल्होपा, लाप्चा, मनाङे, छिलिङ, दुरा, तिलुङ, ब्याँसी, बालकुरा/बरम, मगर/काइके, हायु/वायु, धुलेली, खाम्ची/राउटे, लुङ्खिम, लोवा/लोबा, कागते, वालिङ/वालुङ, नार फु, लोमी, तिछोरूङ पोइके, कोचे, पाङदुवाली, बेलहारे, सुरेल, साम, वनकरिया गरी जम्मा ७२ वटा भाषाहरू रहेका छन् । यस परिवारका ५७ वटा भाषाका वक्तासङ्ख्या एक हजारभन्दा बढी छ भने १५ वटा भाषाका वक्तासङ्ख्या एक हजारभन्दा थोरै रहेको पाइन्छ । यीमध्ये तामाङ, नेवार, मगर, लिम्बू, गुरूङ भाषाका वक्तासंख्या उल्लेख्य देखिन्छन् । वनकरिया भाषाका वक्तासङ्ख्या ८६ मात्र रहेको पाइन्छ ।

## आग्नेली भाषा परिवार र यस अन्तर्गतका भाषाहरू

आग्नेली भाषा परिवारलाई अस्ट्रो एसियाली अर्थात् आट्रिक परिवार भनिन्छ । यस परिवारका भाषाहरु मुन्डा वा कोल, मोन-ख्मेर र अन्नाम मुआङ गरी तीन शाखामा वर्गीकृत गरिएको छ (न्यौपाने र अन्य, २०६७, पृ.२२६) । नेपालको झापा, मोरङ र सुनसरी जिल्लामा यस परिवारका भाषाहरु बोलिन्छन् । नेपालमा यस परिवारका सन्थाली, मुण्डा र खरिया गरी तीनवटा भाषाहरु रहेका छन् ।

**तालिका ५: आग्नेली परिवार र यस अन्तर्गतका भाषाहरूको विवरण, २०७८**

| क्र.स. | भाषा | वक्त प्रतिशत | वक्ता सङ्ख्या |
|---|---|---|---|
| १ | सन्थाली | ०.१८ | ५३६७७ |
| २ | मुण्डा | ०.०१ | २१०७ |
| ३ | खरिया | ० | १३२ |

स्रोत : राष्ट्रिय जनगणमा, २०७८ ।

नेपालमा आग्नेली परिवारका सन्थाली, मुण्डा र खरिया भाषा गरी जम्मा तीनवटा भाषा मात्र बोलिन्छन् । खरिया भाषा झापा, मोरङ र कपिलवस्तुमा बोलिन्छ भने सन्थाली भाषा मोरङ र झापा जिल्लामा बोलिन्छ । खरिया भाषा झापा जिल्लामा बोलिन्छ । वि.सं २०७८ को जनगणनामा खरिया भाषाका जम्मा १३२ जना वक्ता रहेको तथ्याङ्क प्रस्तुत गरिएको पाइन्छ ।

## द्रविडेली भाषा परिवार र यस अन्तर्गतका भाषाहरू

नेपालमा द्रविडेली परिवारको एक मात्र भाषा बोलिन्छ । द्रविडेली परिवारको झाँगड/धाँगड (उराउ) भाषा नेपालमा बोलिन्छ ।

**तालिका ६: द्रविडेली परिवार र यसअन्तर्गतका भाषाहरूको विवरण, २०७८**

| क्र.स. | भाषा | वक्ता प्रतिशत | वक्ता सङ्ख्या |
|---|---|---|---|
| १ | उराँव/उराउ | ०.१३ | ३८८७३ |

स्रोत : राष्ट्रिय जनगणना, २०७८ ।

द्रविडेली परिवार अन्तर्गतको झाँगड/धाँगड वा उराँउ भाषा नेपालको पूर्वी तराईको जिल्ला झापा, मोरङ, सिराहा, धनुषा जिल्लामा बोलिन्छ । वि.सं.२०७८ को राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार उराँउ/उराउ भाषाका वक्ता सङ्ख्या ३८८७३ जना रहेको देखिन्छ ।

## एकल परिवार र यस अन्तर्गतका भाषा

नेपालमा बोलिने कुसुन्डा भाषालाई एकल परिवार अन्तर्गतको भाषा भनिन्छ । यो भाषासँग संसारका अरू कुनै भाषा परिवारका विशेषताहरू मिल्दैनन् । त्यसैले यस भाषालाई एकल परिवारअन्तर्गतको भाषा भनिएको छ । वि.सं. २०७८ को राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार कुसुण्डा भाषाका वक्ता सङ्ख्या २३ जना मात्र रहेको देखिन्छ ।

**तालिका ७: एकल परिवार र यसअन्तर्गतका भाषा, २०७८**

| क्र.स. | भाषा | वक्ता प्रतिशत | वक्ता सङ्ख्या |
|---|---|---|---|
| १ | कुसुन्डा | ० | २३ |

स्रोत : राष्ट्रिय जनगणना, २०७८ ।

कुसुन्डा भाषाका वक्ताहरू तनहुँ, अर्घाखाँची, दाङ, रोल्पा जिल्लामा बसोवास गर्छन् (एथ्नोलग, २००९, पृ. १३३) । कुसुन्डा भाषालाई संरक्षण गर्न यस भाषाको लेखनपद्धतिको विकास गर्नु जरूरी रहेको छ । नेपालमा कुसुन्डा भाषाका वक्ताहरू अरु सबै भाषाभन्दा न्यून रहेको देखिन्छ ।

## निष्कर्ष

नेपाल बहुभाषिक भूपरिवेष्टित मुलुक हो । नेपालको भाषिक विविधता अनुपम छ । नेपालमा भारोपेली, चिनियाँ-तिब्बती, आग्नेली र द्रविडेली गरी मूलतः चार परिवारका भाषाहरू बोलिन्छन् । कुसुन्डा भाषालाई एकल भाषा परिवारको भाषा भनिएको छ । नेपालमा सबैभन्दा धेरै वक्ता सङ्ख्या भएको परिवार भारोपेली भाषा परिवार हो भने भाषा सङ्ख्याका दृष्टिले चिनियाँ तिब्बती परिवारका भाषाहरूको सङ्ख्या धेरै छ । भारोपेली भाषा परिवार अर्न्तगत ४७ भन्दा धेरै भाषाहरू नेपालमा बोलिन्छन् । यसैगरी चिनियाँ-तिब्बती परिवारका ७२ भन्दा धरै भाषाका वक्ताहरूले यस परिवारका भाषा बोल्दछन् । आग्नेली परिवार अन्तर्गत सन्थाली, मुण्डा र खरिया गरी तीनवटा भाषा बोलिन्छन् । द्रविडेली परिवार अन्तर्गतको एक मात्र भाषा उराँउ भाषा नेपालको पूर्वी तराईको जिल्ला झापा, मोरङ, सिराहा, धनुषा जिल्लामा बोलिन्छ । नेपालमा जम्मा १२४ वटा भाषाहरू बोलिन्छन् । नेपालका भाषाहरू विगतदेखि घटबढ हँदै आएको स्थिति देखिन्छ । वि.सं २०६८ को राष्ट्रिय जनगणनामा उल्लेख भएका रसियाली, स्पेनिस, अरबी आदि केही विदेशी भाषाहरू २०७८ को जनगणनाको प्रतिवेदनमा समावेश गरिएको देखिँदैन । तर रानाथारु, नार फु, नुब्री, डोने आदि भाषाहरूलाई यस गणनामा समावेश गरिएको पाइन्छ । यसबाट नेपाल वस्तुतः पाँच भाषा परिवारभित्रका धेरै भाषाका वक्ता भएको मुलुक हो भन्ने निष्कर्ष उजागर भएको छ ।

## सन्दर्भ सामग्रीहरू


आचार्य, कुश्मिला (सन् २०२०), *नेपालमा बोलिने भाषाहरूको परिचय*, इन्टरडिसिप्लेनरी रिसर्च इन एजुकेसन, ४(२), २१५-२३०, https://doi.org./10.3126/ire.vui2.27937.

आचार्य, व्रतराज (२०६६), नेपालका भाषाहरूको पारिवारिक वर्गीकरण, *सम्प्रेषण* ६(६), पृ. ५७-६२ ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), *राष्ट्रिय जनगणनाको प्रतिवेदन*, केन्द्रीय तथ्याङ्क विभाग ।

केन्द्रीय तथ्याङ्क विभाग (२०७८), *राष्ट्रिय जनगणनाको प्रतिवेदन*, केन्द्रीय तथ्याङ्क विभाग ।

खड्का, जीवन (२०७७), *परिमाणात्मक अनुसन्धान तथ्याङ्क विश्लेशण तथा spss को प्रयोग,* सिम्फोनी पब्लिकेसन प्रा. लि ।

खनाल, राजेन्द्र (सन् २०२०), लिङ्ग्युस्टिक जिओग्राफी अफ नेपालिज ल्याङ्ग्युजेज द थर्ड पोल : *जर्नल अफ जिओग्राफी* (१८-१९), ४५-५४, https://doi.org/10.3126/ttp.v18io.27994.

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६७), *सामान्य भाषाविज्ञान*, सनलाइट पब्लिकेशन ।

पन्त, धर्मानन्द (२०७६क), *भाषाविज्ञान र नेपाली भाषा,* शुभकामना प्रकाशन प्रा. लि ।

पन्त धर्मानन्द (२०७६ख), *प्रायोगिक भाषाविज्ञान*, जनता प्रसारण तथा प्रकाशन प्रा. लि.।

पोखरेल, माधवप्रसाद (२०६४), नेपालका भाषाहरूको वर्तमान अवस्था, *राष्ट्रिय साहित्य सङ्गोष्ठी* (१-९), नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, राजेन्द्रप्रसाद र भट्टराई, रमेश (२०७७), *नेपालको भाषानीति र योजना आधार*, इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

भट्टराई, रामप्रसाद (२०७५), *भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग* (तेस्रो सस्क.), शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि (२०७७), *प्राज्ञिक लेखन तथा सम्पादन*, विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र सालिकराम पौड्याल (२०६८), *सामाजिक तथा मनोभाषाविज्ञान* (दोस्रो संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

भाषा आयोग (२०७७), *भाषा आयोगको प्रतिवेदन*, भाषा आयोग ।

भाषाविज्ञान केन्द्रीय विभाग (सन् २००९), *एथ्नोलग*, भाषाविज्ञान केन्द्रीय विभाग ।